बैठक संख्या:११/२०८१/०८२
बैठक मिति: २०८२/०२/१२
समय: बिहान ८:०० बजेदेखि
स्थान: सुनछहरी गाउँपालिका, बैठक कक्ष ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति बिबरण:**

| क्र.सं. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

**अन्य उपस्थिति:**

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कुमारी पुन | का.स. | | |
| ४ | जमान पुन मगर | का.स. | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## एघारौं कार्यपालिका बैठकका कार्यसूचीहरुः

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. भ्रमण समिक्षा सम्बन्धमा।
३. आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्राथामिकता सम्बन्धमा।
४. आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको सीमा सम्बन्धमा।
५. बस्ति तथा टोल स्तरका योजना छनौट सम्बन्धमा।
६. विषयगत समितिको बैठक सम्बन्धमा।
७. गाउँपालिका अस्पतालको सम्झौताको समयावधि थप सम्बन्धमा।
८. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता विकास कार्यक्रम सम्बन्धमा।
९. प्राविधिक सहायक को काज फिर्ता सम्बन्धमा।
१०. विभिन्न भुक्तानी सम्बन्धमा।
११. विविध सम्बन्धमा।

**निर्णयहरुः**

| निर्णय क्रम संख्या | निर्णयको व्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।०१।२६ गते १० औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | मिति २०८२ वैशाष ६ गतेदेखि १३ गते सम्मको अन्तरपालिका भ्रमण, मिति २०८२ वैशाष २९ गतेदेखि ३१ सम्मको हेफर कार्यान्वयनमा भएका पालिकाहरुको भ्रमण र मिति २०८२ वैशाष ३१ गतेदेखि जेठ ५ गतेसम्मको भ्रमणको समिक्षा गर्दै अवलोकन भ्रमणबाट देखेका र सिकेका कुराहरुलाई लागु गर्ने प्रतिवद्धता गर्ने। | कार्यपालिका | |
| ३ | आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका प्राथामिकताहरु देहायबमोजिम निर्धारण गर्नेः<br>क. सामाजिक विकास<br>ख. पूर्वाधार विकास<br>ग. आर्थिक विकास<br>घ. सुशासन तथा संस्थागत विकास<br>ङ. वन वातावरण तथा विपद व्यवस्थापन | कार्यपालिका | |
| ४ | क. आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको संघ,प्रदेश, आन्तरिक राजस्व र अल्या देहायबमोजिम स्रोत अनुमान तथा सीमा निर्धारण समितिले सिफारिस गरेको सीमा निर्धारण गर्नेः<br>१.१ संघीय सरकार बाट प्राप्त हुने अनुदान<br>• संघीय सरकार समानीकरण अनुदानः रु.८०८०००००/<br>• संघीय राजस्व बाँडफाँडबाट रु.१०५६०००००/<br>१.२ लुम्बिनी प्रदेश सरकार बाट प्राप्त हुने अनुदान<br>• लुम्बिनी प्रदेश समानीकरण अनुदानः रु.५०,९८०००/<br>• लुम्बिनी प्रदेश राजस्व बाँडफाँड रु.८८,०३०००/<br>१.३ आन्तरिक राजस्व लक्षः रु.५२,००००० /<br>१.४ अल्या हुन आउने अनुमान रु. ५०,००,०००/<br><br>ख. आगामी आ.व. २०८२/८३ को लागि वडागत सीमा प्रति वडा ३० लाख र सम्पूर्ण शाखालाई एकमुष्ट १ करोड ५० लाख कायम गर्ने। | कार्यपालिका | |
| ५ | आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा सम्बन्धमा बस्ति तथा टोल स्तरका योजना छनौट भेला मिति २०८२ जेठ २२ गतेभित्र सम्पन्न गर्ने। | वडा समितिहरु/कार्यालयहरु | |

गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| ६ | योजना तथा कार्यक्रम तर्जुमाको सम्बन्धमा विषयगत समितिहरुको बैठक तपसिल बमोजिम गर्ने:<br>क. सामाजिक विकास समिति मिति २०८२ जेठ २४गते<br>ख. आर्थिक विकास समिति मिति २०८२ जेठ २५ गते<br>ग. पूर्वाधार विकास समिति मिति २०८२ जेठ २४ गते<br>घ. सुशासन समिति मिति २०८२ जेठ २५ गते<br>ङ. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति मिति २०८२ जेठ २५ गते | विषयगत समितिका संयोजक तथा सदस्य सचिवहरु | |
| ७ | यस सुनछहरी गाउँपालिकाको आव २०७७/७८ ठेक्का नं 07/WORK/NCB/SRM/077-78 ५ शैयाको गाउँपालिका अस्पतालको ठेक्का भइ ज्ञानज्योति/जलजला जेभि सँग मिति २०७८/०२/०१ मा सम्झौता भइ पहिलोपटक थप भएको समयावधिमा समेत निर्माण सम्पन्न हुन नसकि मिति २०८२/०२/१० गते समयावधि सकिएको र थप ७ महिना २० दिन समयावधि थप गर्न निर्माण व्यवसायीले निवेदन दिएको र यहाँको वस्तुस्थिति मूल्यांकन गर्दा र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६(२) र नियमावली २०६४ को नियम १२० उपनियम २ र ४ बमोजिम निर्माण व्यवसायीको मागबमोजिम वि.स. २०८२ पौष ३० गतेसम्म ५ शैयाको अस्पताल निर्माण गर्न सम्बन्धित निर्माण व्यवसायीलाई समयावधि थप गर्ने। | पूर्वाधार विकास तथा नियमन शाखा | |
| ८ | कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता विकास कार्यक्रम (HEFFER) को गाउँपालिका सँग भएको सम्झौता अवधि मिति २०८२ असारमा सकिने हुदा उक्त कार्यक्रम निरन्तरता सम्बन्धमा अर्को कार्यापालिका बैठकमा निर्णय गर्ने। | कार्यपालिका | |
| ९ | यस सुनछहरी गाउँपालिकामा लोक सेवा आयोगको कार्यालयबाट सिफारिस भइ मिति २०७६ फागुन २० गतेदेखि शिक्षा सेवा शिक्षा प्रशासन समूह प्राविधिक सहायक पदमा नियुक्ति भएकी शान्ता शर्मा मिति २०७८ मंसिर २० गतेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार मिक्लाजुङ्ग गाउँपालिका पाँचथरमा कामकाजमा खटाइएको र हाल निज शर्माले लुम्बिनी प्रदेशका अन्य स्थानीय तहमा पदस्थापनाको लागि काज फिर्ता गरिपाउँ भनि निवेदन दिएकोमा निजलाई सुनछहरी गाउँपालिका बाहेक अन्य स्थानीय तहमा पदस्थापनाको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश देउखुरी उपत्यका मा काज फिर्ताका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई काज फिर्ता सम्बन्धमा सिफारिस गर्ने। | प्रशासन शाखा | |
| १० | देहाय बमोजिमका भुक्तानीहरु कन्टेन्जेन्सीबाट गर्ने:<br>क.पालिकाको उद्यम विकास र बहुक्षेत्रीय पोषण शाखाको छतबाट प्रकाश परावर्तन भइ कामकाजमा कठिनाँई उत्पन्न भएकाले सोलाई व्यवस्थापन गरी भुक्तानी दिने।<br>ख.सुनछहरी गाउँपालिका वडा नं १ कार्यालयदेखि घुसवाङ् सम्म फाइवर नेट विस्तारको लागि प्राविधिक लागत अनुमानको आधारमा काम सम्पन्न गरी भुक्तानी दिने।<br>ग. सुनछहरी गाउँपालिका वडा नं ६ कार्यालय भवनको रंगरोगन गरेवापत वडा सचिव गन्ज बहादुर थापाले पेश गरेको बिल भरपाइका आधारमा भुक्तानी दिने।<br>घ. विभिन्न पत्रपत्रिका तथा संचार माध्यमहरुबाट प्रकाशित सूचना, विज्ञापन, शुभकामना तथा प्रकाशनको भुक्तानी दिने। | प्रमुख प्रशासकीय अधिकृत/ आर्थिक प्रशासन शाखा | |
| १० | विविध सम्बन्धमा देहायको निर्णय गरियो | | |
| क. | सुनछहरी गाउँपालिका भित्र कार्यक्षेत्र भएका गैर सरकारी संस्थासंग आगामी आ.व. २०८२/८३ मा यस गाउँपालिकाभित्र कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु पेश गर्न बैठक आव्हान गर्ने। | प्रशासन शाखा | |
| ख. | मध्यकालीन खर्च संरचना अद्यावधिक गर्नको लागि तपसिल बमोजिमका कर्मचारीहरु सदस्य रहने गरी अद्यावधिक समिति बनाउने।<br>श्री दया बहादुर बुढा मगर सहायक प्रशासकीय अधिकृत संयोजक<br>श्री गुमान सिं बिष्ट सूचना प्रविधि अधिकृत सदस्य<br>श्री नवराज रोका कम्प्युटर अपरेटर सदस्य<br>श्री मनिस सुनार सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत | |
| ग. | सुनछहरी गाउँपालिका वडा नं १ सेरम जोड्ने पोवाङ् सेरम मोटरबाटो र सुनछहरी गाउँपालिका वडा नं ३ गोवाखोला झेलिगुड्ग गिच्याबासा को मोटरबाटो वर्षातको कारण पहिरो गएर अवरुद्ध भइ उक्त वडाहरुमा संचालित योजना कार्यान्वयन प्रभावित भएकोले बाटो मर्मत र सरसफाइ गर्ने। | पूर्वाधार विकास तथा नियमन शाखा | |

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

तेज बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत